नेपाली (ネパール語)

# आमागासाकी-सि विदेशीहरूका लागि जनजीवन सम्बन्धी म्यानर गाइड

## ～नियम र म्यानरले तपाईलाई नै सुरक्षा प्रदान गर्छ～

- अपार्टमेन्ट/घर भाडामा लिएको बेलामा
- फोहोर फाल्ने विधिको नियम तथा म्यानर
- धुम्रपान गर्ने ब्यक्तिहरूका लागि
- साइकलको नियम र म्यानर
- जनजीवनको नियम र म्यानर
- आफ्नो सुरक्षाको लागि



## समस्या परेमा परामर्श गरौ


आमागासाकी-सि विदेशी नागरिक परामर्श केन्द्र
*"आमागासाकी-सि गाइकोकुजिन सोउगोउ सोउदान सेन्ता"*

स्थान आमागासाकी-सि, हिगाशि नानामाचू-च्योउ 1-23-1
आमागासाकी सिटी अफिस, केन्द्रिय भवन "नाका कान" 7F


समय समय: सोमबार देखि शुक्रबार 10:00-12:00, 13:00-16:00
विदेशी भाषा परामर्शदाता (अंग्रेजी, चाइनिज, भियतनामी)
※अन्य भाषाहरूका हकमा भाषा अनुबादक उपकरणद्वारा सेवा प्रदान गरिनेछ।

TEL 06-6489-6449 FAX 06-6489-6661
MAIL ama-welcome@city.amagasaki.hyogo.jp


尼崎市

# आवास सम्बन्धी नियम तथा म्यानर

## अपार्टमेन्ट/घर भाडामा लिएको बेलामा




- भाडामा लिने मानिसहरू मात्र बस्न मिल्छ। ती बाहेक अन्य मानिसहरु बस्न मिल्दैन।
- अन्य व्यक्तिहरुलाई भाडामा दिन मिल्दैन।
- घर सर्ने बेलामा सम्पूर्ण कन्ट्र्याक्टहरु रद्द गर्नुहोस्। (बिजुली, ग्यास, पानी, र इन्टरनेट पनि नबिर्सिकन)
- कोरिडोर तथा सीढीहरू सबैले प्रयोग गर्ने साझा ठाउँहरू हुन्। आफ्नो ब्यक्तिगत सामानहरु राख्न मिल्दैन ।

※नियमहरू पालना नगरेको खण्डमा, घर निकाला पनि हुनसक्छ।

# फोहोर फाल्ने विधिको नियम तथा म्यानर

## फोहोर फाल्ने बेलामा




- जलाउन सकिने फोहोर तथा शिशाको बोतल, क्यान, प्लाष्टिक बोतल इत्यादिलाई तिनीहरुका किसिम अनुसार छुट्याउनुहोस्।
- फोहोरका किसिम अनुसार, फोहोर फाल्ने विधि, दिन र ठाउँ तोकिएको हुन्छ।
- फोहोरलाई आमागासाकी-सिले तोकेको प्लाष्टिक "Amagasaki City Designated Bag" मा हाल्नुहोस्।
- ठूला आकारका फोहोरहरु (50cm भन्दा ठूला) फाल्ने बेलामा आवेदनको साथै पैसा तिर्नु पर्ने हुन्छ।

※यदि नियमहरू पालना नगरेको खण्डमा,
फोहोर फालेता पनि, फोहोर उठाइने छैन।
तोकिएको ठाँउ बाहेक अन्यत्र फोहोर फाल्नु हुदैन।
नियम उल्लङ्घन गरेमा, सजायको भागिदार हुनुपर्छ।

फोहोर फाल्ने विधिको विस्तृत नियमहरूको बारेमा आमागासाकी-सिको वेबसाइटमा व्याख्या गरिएको छ।

# धुम्रपान गर्ने ब्यक्तिहरूका लागि




- हिड्दा वा साइकल तथा मोटरसाइकल चलाउँदा चुरोट खान हुदैन।
- चुरोटको ठुटालाई बाटोमा नफाल्नुहोस्। बोकेर हिड्न मिल्ने खालको मोबाइल एश्ट्रेको प्रयोग गरौ।

※चुरोट खाने बेलामा, आफ्नो वरपर मानिसहरू छन् कि छैनन् भनेर बिचार गरौ।
अन्य मानिसहरूलाई चुरोटको धुँवा नजाने गरि बिचार गरौं।


नगरपालिकाको हरेक रेल स्टेशन वरिपरि सडकको प्रतिबन्ध क्षेत्रमा धूम्रपान गरे वापत दण्ड 1000 येन ज्याला लाग्छ।

# साइकलको नियम र म्यानर




- साइकललाई साइकल पार्किङ स्थलमा पार्क गरौ।
  साइकल पार्किङ स्थल बाहेक अन्यत्र पार्क गरेमा यसलाई लगिनेछ।
- साइकल राख्दा सधै लक गरौ।
- ट्राफिक लाइट र एक छिन रोकिने "一時停止" सिग्नलहरुको पालना गरौ।
- रक्सी खाएर साइकल चलाउनु हुँदैन ।
- अँध्यारो भएमा साइकलको लाइट बालौ।
- साइकल चलाउँदा, सडकको बायाँ छेउबाट चलाऔ।
  फुटपाथ पार गर्ने बेलामा पैदल यात्रीहरूबाट सावधान रहौ।
- साइकल चलाउने बेलामा हेलमेट लगाऔ ।

# जनजीवनको नियम र म्यानर



- ठूलो स्वरले हल्ला गर्नु हुँदैन।
- ठूलो स्वरमा म्यूजिक बजाउनु हुँदैन। (रातको समयमा विशेष होस गरौ।)

※अन्य बासिन्दाहरूसँग समस्या पर्छ।
※पुलिस आएर, चेतावनी दिन सक्छ।




- घर बाहिर जाने बेलामा, घरको ढोका तथा झ्यालहरुमा सधै चूकुल लगाउने गरौ।
- घरमा भएको बेलामा पनि, ढोकामा चूकुल लगाउने गरौ।

※झ्याल-ढोकामा चूकुल नलगाएमा, अपराधिक गतिबिधिहरुका शिकारमा पर्न पनि सकिन्छ।

# आफ्नो सुरक्षाको लागि


## व्यक्तिगत जानकारीहरु चुहावट हुनबाट सावधान रहौ।



- रेसिडेन्स कार्ड या राष्ट्रिय स्वास्थ्य बीमा कार्ड अरुलाई चलाउन दिने तथा अरुको मागेर चलाउने गर्नु हुदैन।
- आफ्नो बैकं खाता अरूलाई दिने वा बिक्री गर्नु हुदैन।
- व्यक्तिगत जानकारीहरु लेखिएका कुराहरुलाई SNS आदिमा पोस्ट गर्नु हुदैन।

※अपराधिक गतिबिधिहरुका शिकारमा पर्न पनि सकिन्छ। तथा,
सजायको भागिदार हनुपर्ने हन्छ।


## तिर्न पर्ने कुराहरु भुल्नुभएको त छैन ?



- राष्ट्रिय स्वास्थ्य बीमा या राष्ट्रिय पेन्सनको बीमा रकम, करहरू सधै समयमै तिर्ने गरौ।

※यदि नतिरेको खण्डमा,
भुक्तानीको लागि पुन: पत्र काट्ने बेलामा लाग्ने रिमाइन्डर शुल्क
या ढिलो भुक्तानी गरे बापतको जरिवाना शुल्क लगाइनेछ।
तपाईको पैसा या सामानहरू जफत गरिनेछ।
तपाई भिषाको नविकरण नहुन सक्छ।

## काम गर्न सुरु गर्ने बेलामा ध्यान दिनु पर्ने बुँदाहरु



- काम गर्ने घण्टा, तलब, के-कस्तो खालको काम हो भन्ने बारेमा चेक गरौ।
- "बिद्यार्थी" या "डिपेन्डेन्ट" को भिषा भएका ब्यक्तिहरुले नियम अनुसार हप्तामा 28 घण्टा भन्दा बढी काम गर्नु हुँदैन।

※नियम उल्लङ्घन गरेमा, देश निकाला हुन पनि सक्छ।

